ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ७, अंक २३
८ असोज २०८० सोमबार
25 Sep. 2023 Monday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान
खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# मधेशकै सवैभन्दा ठुलो ताल बनाउन जुट्यो बर्दिवास नगरपालिका



**बिशाल बस्नेत**

**असोज ७ गते, बर्दिवास**

मधेशको चुरे काक्षमा पानी पुनर्भरण गर्ने उदेश्यले वनेका ताल र पोखरीहरु पछिल्लो समय पर्यटकीय केन्द्रकोरुपमा विकास हुँदै गएका छन ।

सर्लाहीको बागमती नगरपालिकामा वनेको बहुचर्चित भरत तालको निर्माणले पर्यटकिय हिसावले मात्र आकर्षण वनेको छैन किसानहरुको लागि समेत उपयोगी सावित वन्दै गएको छ ।

चुरे अतिक्रमणका कारण पानीका मुहानहरु सुकिरहेको जनगुनासो बढीरहेको वेला स्थानिय सरकारले समेत रिचार्ज पोखरी र ताल निर्माणमा ध्यान दिन थालेका छन ।

महोत्तरीको उत्तरवर्ती क्षेत्र बर्दिबासमा वन्न लागेको मधेश कै सवैभन्दा ठूलो तालले स्थानिय सरकारहरु चुरे संरक्षणमा संवेदनशील वन्दै छन भन्ने बिषयलाई प्रमाणित समेत गरेको छ ।

बर्दिवास-३ स्थित पुछर पाटुमा रहेको नदि उकास जग्गा अतिक्रमण भैइरहेको गुनासोलाई मध्यनजर गर्दै स्थानिय सरकारले विशाल पर्यटकिय तालको गुरुयोजना अगाडि बढाएको छ ।

रातु नदिको छेउमा नै रहेको उक्त ठाउँ झण्डै ३ किलोमीटर वरपर सम्म फैलिएको छ । रातु नदिको नदि उकास जग्गालाई उपयोग गर्दै मधेश कै सवैभन्दा ठुलो ताल निर्माण गर्न लागिएको नगर पालिकाले जनाएको छ ।

बर्षौदेखी हकभोग गर्दै आएका जग्गालाई समेत मुआब्जा प्रदान गर्ने र पानीको समस्यालाई समेत ताल वनाएर होल्ड गर्दा पानीको अभाव समेत परिपुर्ति हुने भएकाले तालको परिकल्पना गरिएको नगर प्रमुख प्रल्हाद कुमार क्षेत्रीले वताए ।

२०५० को दशकमा आएको वाढीले ताल निर्माण गर्ने भनिएको ठाउँमा वगर वनाएको थियो । स्थानियहरुले थप बाढीले असर नपुऱ्याओस भन्ने उदेश्यले केही साल, सिसौको बिरुवा रोपेतापनी त्यस्को उचित संरक्षण हुन सकेको थिएन ।

रातु नदिको दायाँबायाँ किनारामा राष्ट्रपती चुरे संरक्षणले बलियो तटबन्धन गरेपछी उक्त जग्गालाई स्थानियहरुले नै अतिक्रमण गर्दै आएका छन ।

चुरे जलाधार संरक्षणमा चुरे क्षेत्रमा तालतलैया र पोखरी वनाए पछिल्लो समय बढदै गएको पानीको समस्यालाई न्यूनीकरण गर्न सकिने वताउदै मधेश प्रदेश वन तथा वातावरण मन्त्री रमेश प्रसाद कुर्मीले पनि नगरको पवित्र उदेश्यमाथी हातेमालो गर्ने प्रतिबद्धता जनाएका छन ।

आज एक कार्यक्रमका विच स्थलगत अवलोकन गर्दै मन्त्री कुर्मीले पारिस्थितिक प्रणालीलाई सन्तुलन वनाईराख्न र चुरे संरक्षण गर्न यस्ता खाल्का कामहरुको जरुरी भएको वताए ।

यता महोत्तरी जिल्ला वन कार्यालयका कार्यालय प्रमुख सन्तोष यादवले पनि वनको अधिकार क्षेत्रमा आईपरेका कामहरुमा सहजीकरण गर्ने वताएका छन ।

मधेशमा नै सवैभन्दा ठुलो तालको निर्माणले पर्यटन क्षेत्रमा श्रीबृदी हुने सरोकारवालाहरुको बिस्वास छ ।

नदि उकास जग्गाको नाममा चरम अतिक्रमणको चपेटामा पर्दै आएको यस क्षेत्रमा नगरको गुरुयोजनाअनुसार ताल निर्माण भए स्थानियहरुको आयआर्जनमा मात्र हैन नगरको समेत मुख्य आयस्रोत वन्न सक्ने अनुमान गरिएको छ ।

वडा अध्यक्ष बिराट बिष्टका अनुसार विशाल मानवनिर्मित ताल वनाउने बिषयमा वडावासीहरुसगँ पारम्भिक छलफल अगाडी बढाईसकिएको जानकारी दिए ।

पारम्भिक चरणमा काम गर्न नगरले २० लाख बजेट समेत बिनियोजित गरिसकेको छ ।


अझ १० हजार बर्ष पहिला यही ठाउँको वरपर मध्यपाषण युगको हतियार कारखाना समेत रहेको रहस्य उजागार भएसगैँ देशको ध्यान यतिवेला यहाँनीर छ ।

सन १९८५ मा जर्मनी नागरिक गुड्रन कर्विन्सले १० बर्ष लगाएर आफ्नो कितावमा पाटुका थुप्रै रहस्यका बिषयमा सविस्तार बर्णान गरेपछी थप खोज र अनुसन्धानको आवस्यक्तालाई महसुस गरिएको छ ।

मध्य पाषण युगको पाटु हतियार कारखानाको बिषय राष्ट्रिय खोज केन्द्रमा समेत संग्रहित गरिएको छ । यी सवै बिषयहरुले यो ठाउँ आफैमा बिस्वबिध्यालय बन्न सक्ने आधारहरु त छन नै अझ मधेश कै सवैभन्दा ठुलो ताल निर्माणको गुरुयोजनाले यहाँका बासिन्दा निक्कै उत्साहित वनेका छन ।

**बालबालिकालाई अनिवार्य विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं ।**

# राष्ट्रपति पौडेलको जनकपुरमा हुने नागरीक अभिनन्दनको तयारी पुरा



**अजयकुमार साह**

**असोज ७ गते, जनकपुर**

जनकपुरधाम- राष्ट्रपति रामचन्द्र पौडेलको भोलि सोमवार जनकपुर धाम उपमहानगरपालिकाको तर्फबाट गरिन लागेको नागरिक अभिनन्दनको सम्पूर्ण तयारी पुरा भएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेल राष्ट्रपति बनेपछि पहिलो पटक जनकपुरधाम भ्रमणमा आउन लागेका हुन् । राष्ट्रपति पौडेलको जनकपुरधाममा जानकी मन्दिरमा विशेष पुजा अर्चना, महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक केन्द्रको समुद्घाटन गर्ने तथा नागरिक अभिनन्दन समारोहमा सहभागी हुने कार्यक्रम रहेको धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डेले जानकारी दिए ।

तय भएको कार्यक्रम अनुसार नेपाली सेनाको हवाईजहाजबाट राष्ट्रपति पौडेल काठमाण्डौंबाट ८:४० बजे जनकपुर विमान स्थल आइपुग्ने छ। उनलाई जनकपुर विमान स्थलमा मधेस प्रदेश प्रमुख हरिशंकर मिश्र, मुख्यमन्त्री सरोज यादव, पूर्वउपप्रधान तथा गृहमन्त्री विमलेन्द्र निधि, संघीय सांसद, नगर प्रमुख तथा सुरक्षानिकायका प्रमुखहरुले स्वागत गर्ने कार्यक्रम रहेको छ।

राष्ट्रपति पौडेल विमान स्थलबाट सिधै जानकी मन्दिरको लागि प्रस्थान गर्ने र पूर्वी ढोकाबाट जानकी मन्दिर प्रवेश गर्नेछन् । त्यहाँ जानकी मन्दिरका मुल महन्थ रामतपेश्वर दास सहित प्रदेशका मन्त्री तथा सांसदहरुले स्वागत गर्नेछन्।


आधा घण्टा जानकी मन्दिरमा बिताउने राष्ट्रपति पौडेलले सो क्रममा जानकी माताको विशेष पुजा अर्चना, अखण्ड दीप प्रज्वल गर्नुको साथै सीता माताको माइती घर दर्शन, अखण्ड किर्तन दर्शन र महन्थको कक्षमा प्रसाद ग्रहण तथा छोटो विश्राम गर्ने कार्यक्रम रहेको जनकपुरधाम उपमहानगर पालिकाका मेयर मनोजकुमार साहले बताए ।

जानकी मन्दिरमा पूजा अर्चना पश्चात प्रदेश प्रमुख, सभामुख संग जलपान र नेपाल राष्ट्र बैंकको अतिथि निवासमा विश्राम तथा दिवा खानाको कार्यक्रम रहेको छ ।

शहरी विकास मन्त्रालय अन्तर्गतका संघीय आयोजना कार्यन्वयन इकाइ कार्यालय धनुषाका प्रमुख प्रदीप खनालका अनुसार राष्ट्रपति पौडेलको १ बजे महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्र सभाहलको समुदघाटन गर्ने कार्यक्रम रहेको छ।

सहरी विकास मन्त्री सीता गुरुङको अध्यक्षतामा आयोजना हुने सो कार्यक्रम पश्चात सोहि सभाहलमा जनकपुरधाम उपमहानगर पालिकाको तर्फ राष्ट्रपति पौडेलको नागरीक अभिनन्दन समारोहको आयोजना गरिने कार्यक्रम रहेको छ।

बाँकी पृष्ठ ३ मा

ए.एस.डी. अफसेट प्रेस
क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा
पत्रिका
क्यालेण्डर
रजिष्टर, डाइरी
किताब
परीक्षा कपी
पर्चा पम्पलेट
बिल, भाउचर,

स्क्रिन प्रिन्ट
विवाह कार्ड
प्रमाण पत्र
भिजिटिङ्ग कार्ड
झोला प्रिन्ट
रबर स्टाम्प


फ्लेक्स प्रिन्ट
ब्यानर प्रिन्ट
होर्डिङ्ग बोर्ड
स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।
संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

## सम्पादकीय

# किन सेलाउँदछ शरणार्थी प्रकरण

नक्कली भुटानी शरणार्थी प्रकरणमा हाइप्रोफाइलका व्यक्ति पक्राउ गर्न प्रहरीलाई ढाडस दिएर चर्चामा आएका गृहमन्त्री नारायणकाजी श्रेष्ठको जनताले राम्रो प्रशंसा त्यसबेला गरेका थिए। उनले प्रहरीलाई बिनाहस्तक्षेप दोषी पत्ता लगाउने गरी अघि बढ्न निर्देशन दिएपछि उक्त प्रकरणमा जोडिएका सबै हाइप्रोफाइलका व्यक्ति सजायको भागीदार बन्ने जनताले अपेक्षा गरेका थिए। पूर्वउपप्रधानमन्त्री, पूर्वगृहमन्त्रीलगायत उच्च व्यक्ति पक्राउ गरेर सरकारले त्यसको संकेत पनि दिएको थियो।

पक्राउ परेका व्यक्तिले बयानका क्रममा प्रहरीलाई दिएको जानकारीअनुसार अहिले ती व्यक्तिको संलग्नताका विषयमा प्रहरीले तयार पारेको प्रतिवेदनमा उनीहरूको मुद्दा कमजोर बनाइएकाले सरकारप्रति गम्भीर प्रश्न खडा भएको छ। हिजो यो प्रकरणमा संलग्न जोसुकै भए पनि नछोड्ने अभिव्यक्ति दिने प्रधानमन्त्री र गृहमन्त्रीको प्रहरीले प्रतिवेदन बुझाइसकेपछि खासै प्रतिक्रिया आएको छैन। नक्कली भुटानी शरणार्थी प्रकरणमा विदेशी दबाबसामु सरकार टिक्न नसक्दा बाध्य भएर अनुसन्धान अगाडि बढाइएको विषय सार्वजनिक भए। विदेशी शक्तिको दबाबमै यो प्रकरण अनुसन्धानका लागि अगाडि बढाएको भए पनि सरकारको यो कदमको स्वागत जनताले गरेका थिए। र, नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न जोसुकै भए पनि कारबाही हुनेमा विश्वस्त थिए। तर, प्रहरीले प्रतिवेदन सरकारी वकिललाई बुझाइसकेपछि यो प्रकरण पनि हात्ती आयो हात्ती आयो फुस्स जस्तै हुने त होइन भन्ने गम्भीर प्रश्न उठेको छ। त्यतिमात्र होइन, सरकारले आफ्ना विरोधीलाई तह लगाउन यो प्रकरणलाई प्रयोग गरेको आशंकासमेत उब्जिएको छ। किनभने यो प्रकरणमा अभियुक्तहरूले प्रहरीसमक्ष पोल गरको नाममाथि न प्रहरीले अनुसन्धान गरेको छ न त्यो कुरा प्रतिवेदनमा नै उल्लेख गरेको छ। यसमा प्रमुख प्रतिपक्ष दल नेकपा एमालेका अध्यक्ष केपी ओलीले भने झैं कुनै दलका नेताप्रति आग्रह पूर्वाग्रह साँधेर यो अनुसन्धान अगाडि बढाइएको त होइन ? आशंका छ। नक्कली भुटानी शरणार्थी प्रकरणमा जजसका विरुद्ध उजुरी परे उनीहरूका विषयमा पनि प्रतिवेदनमा उल्लेख हुनुपर्थ्यो। यदि त्यो कुरा सत्य थिएन भने उनीहरूलाई बदनाम गराउन जुन शक्तिले भूमिका खेलेको छ त्यो प्रतिवेदनमा आउनुपर्थ्यो। यहाँ प्रश्न के पनि उठेको छ भने जुन मन्त्रिपरिषद्का उपप्रधानमन्त्री, गृहमन्त्री नै यो प्रकरणमा संलग्न छन् भने त्यो मन्त्रिपरिषद्को अध्यक्ष प्रधानमन्त्रीको संलग्नता किन हुन सक्दैन ? यसकारण यो प्रकरणको अझै स्वतन्त्र र निष्पक्ष जाँच गर्नु आवश्यक छ। देशका नागरिकलाई अनागरिक बनाउन यत्रो राज्यसत्ता नै लागेको यो प्रकरणलाई सामान्य रूपमा लिनुहुँदैन। दिइयो भने यस्ता कार्य गर्नेको मनोबल बढ्ने र भोलिका दिनमा झनै जघन्य काम हुन सक्छ। त्यसकारण सरकारले यो प्रकरणमा खुट्टा कमाउनु हुँदैन। प्रधानमन्त्री प्रचण्डलाई एकपटक नायक बन्ने मौका यो प्रकरणले दिएको छ।

# भक्तपुरमा गुन्जियो 'राजा आऊ देश बचाउ'

**खबर दर्पण समाचारदाता**

**असोज ७ गते, महेन्द्रनगर**

पूर्वराजा ज्ञानेन्द्र शाहको आइतबार भक्तपुरमा भव्य स्वागत भएको छ। भक्तपुरको दरबार स्क्वायरस्थित तलेजु भवानीको दर्शन गर्न र पाँच तल्ले मन्दिरस्थित भैरवनाथको दर्शन गर्न उनी दिउँसो ३ बजे भक्तपुर पुगेका थिए।



पूर्वराजाको स्वागतका लागि हजारौं मानिसको भीड लागेको थियो। भक्तपुरको दरबार क्षेत्र पूरै सर्वसाधारणको भीडले घेरिएको थियो। त्यहाँ राजावादी, राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता तथा कार्यकर्ता एवं विभिन्न राजनीतिक दल समर्थित नेता तथा कार्यकर्ताहरूका साथसाथै सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो।

पूर्व राजालाई भक्तपुर दरबार स्क्वायर प्रवेश गर्ने (खौमा) प्रवेशद्वारमा कन्याहरुले स्वागत गरेका थिए। साथै पूर्व राजाको स्वागतमा गठन गरिएको श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको स्वागत समारोह समिति भक्तपुरका पदाधिकारीहरुले स्वागत गरेका थिए। साथै खौमा प्रवेशद्धारदेखि तलेजु प्रवेश गर्ने बाटोको दुवैतर्फका समर्थकहरुले झण्डा बोकेर स्वागत गरेका थिए।

दरबार स्क्वायरस्थित स्वर्ण गजुर ढोकाबाट प्रवेश गरी पूर्व राजा तलेजु पुगेका थिए। उनले त्यहाँ दर्शन गरेका थिए। त्यहाँ पुनः उनी भक्तपुरका पाँच तल्ले न्दिमर छेउको भैरवनाथ मन्दिरमा गएका थिए। त्यहाँ उनले बेताल र भैरवनाथको दर्शन गरे। त्यसपछि पुनः पाँच तल्ले मन्दिरबाट क्वाछें हुँदै दरबार क्षेत्रमा पुगे। त्यहाँबाट उनी गाडी चढेर सल्लाघारीस्थित ग्रीनल्याण्ड होटेलमा पुगेका थिए। दिउँसो तीन बजे भक्तपुर पुगेका उनी साढे चार बजेसम्म रहेका थिए।

पूर्वराजा दरबार स्क्वायरमा आउँदा राजा आऊ देश बचाउ भनेर नारा लगाइएको थियो। साथै राजतन्त्र जिन्दाबाद नारा पनि लगाइएको थियो। साथसाथै लोकतन्त्र मुर्दावाद पनि नारा गुन्जिएको थियो।

कार्यक्रम अनुसार पूर्व राजाले ग्रीनल्याण्ड होटल सल्लाघारीमा सर्वसाधारणलाई दर्शन भेट दिएका थिए। होटेलमा भने सर्वसाधारणलाई प्रवेश निषेध थियो। त्यहाँ पहिला नै तय भएको नामावलीमा समावेश व्यक्तिहरूलाई मात्रै प्रवेश थियो। त्यसो भए पनि त्यहाँ पनि राजावादीहरू, राष्ट्रिय प्रजातन्त्र पार्टीको नेता कार्यकर्ताहरू लगायत विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताहरुको उल्लेख्य सहभागिता रहेको थियो।

सीमितलाई मात्रै भेटघाट गर्ने भनिए पनि त्यहाँ सयौँले पहिला नै पास लिएर दर्शनभेट पाएका थिए। पत्रकारलाई प्रवेश गराइए पनि राजाले पत्रकारसँग कुराकानी गरेनन्। पत्रकारलाई पनि तस्बिर खिच्न र दर्शनभेट मात्रै दिए। पाँचबजे ग्रीनल्याण्ड होटल पुगेर आधा घण्टा आराम गरी साढे पाँच बजेबाट दर्शनभेट सुरु भएको थियो। यो क्रम साढे ६ बजेसम्म चलेको थियो।

पूर्वराजाको धार्मिक देशाटन भव्य र उल्लासमय बनाउन तथा उनको स्वागत, सत्कार गर्नका लागि स्थानीय समाजसेवी अनन्तप्रसाद धौभडेलको संयोजकत्वमा एक समिति गठन गरिएको थियो। समितिका संयोजक धौभडेलले पूर्वराजाको भक्तपुर भ्रमणलाई विशेष महत्त्व र प्राथमिकता दिएको बताए।

समितिका सदस्य सचिव रामेश्वर थापाले स्वागत समारोह समिति कुनै पनि राजनीतिक एवं संगठनको रङको नभई विशुद्ध रूपमा सम्पूर्ण भक्तपुरवासीको प्रतिनिधित्व गर्दै गठन भएको प्रस्ट पारे।पूर्वराजाको भक्तपुर भ्रमणमा स्थानीय कला, संस्कृति झल्कने परम्परागत शैलीमा स्वागत, सत्कार गरिने उनले जनाए। साथै सोही दिन भक्तपुरको सल्लाघारीस्थित होटल ग्रिनल्यान्डमा पूर्व राजासँग देशको समसामयिक विषयमा सर्वसाधारणलगायत सञ्चार कर्मीहरूले अन्तर संवाद गर्ने कार्यक्रम तय गरिएको जनाएको छ। नागरिकबाट



जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**सबैला नगरपालिका,**
**सबैला, धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# के मधेसमा आन्दोलनको तयारी गर्दैछ जसपा ?

**खबर दर्पण समाचारदाता**

**असोज ७ गते, काठमाडौं**




जनता समाजवादी पार्टी नेपाल ( जसपा) ले आन्तरिक रुपमा आन्दोलनको तयारी थालेको छ । सरकारले गौर घटनाको फाइल खोलेपछि उसले पार्टी सुदृढीकरणको नाममा तीन महिने अभियान सञ्चालन गरी आन्दोलनको लागि मनोवैज्ञानिक रुपमा तयार गरिरहेको हो ।

जसपाले गौर घटनाकै विषयलाई लिएर काठमाडौंलगायत तराई मधेसमा कार्यक्रमको आयोजना गर्दै आएको छ। संगठन सुदृढीकरणका लागि वडा तहदेखि प्रदेश तहसम्म विभिन्न कार्यक्रम आयोजना भइरहेका छन्। हरेक कार्यक्रममा गौर घटनाको विषयमा चर्चा हुने गरेको छ ।

नेताहरुले आन्दोलनका लागि तयार रहन कार्यकर्ताहरुलाई आह्वान गर्ने गरेका छन् । सरकारले पूर्वाग्रही ढंगबाट गौर घटनालाई उचालेर पार्टीमाथि षड्यन्त्र गरेको भन्दै त्यसका लागि तयार रहन पार्टीका नेताहरुले निर्देशन दिदै आएका छन् ।

गौर घटना राजनीतिक घटना हो तर त्यसलाई आपराधिक घटनाको रुपमा अगाडि बढाउँदै दोषीलाई कारवाही गर्ने भनिएको छ, यो पार्टीमाथिको षड्यन्त्र हो भन्दै जसपाका शीर्ष नेताहरुले सरकारले कारवाही प्रक्रिया अगाडि बढाए शतर्क रहन भनेका हुन् । त्यसबेला आन्दोलनको आवश्यकता पर्न सक्ने भएकाले त्यसको आन्तरिक तयारीमा लाग्न शीर्ष नेताहरुले निर्देशन दिएको पार्टी स्रोतले जनाएको छ ।उता, पार्टीका प्रवक्ता एवं कार्यकारिणी सदस्य मनिष सुमनले यो आन्दोलनको तयारी नभई पार्टी सुदृढीकरणका लागि सञ्चालन गरिएको तीन महिने अभियान मात्र रहेको दाबी गरे । सुमनले भने, 'गौर घटनाको विषयमा नेता तथा कार्यकर्तामा चिन्ता र चासो छ । यसमा आन्दोलनका लागि तयार गर्नै पर्दैन ।' जसपा एउटा जीवन्त र संगठित पार्टी हो । त्यसैले, आवश्यकता अनुसार जुनबेला पनि कार्यकर्ता मुभ हुन सक्छन् । तर, गौर घटनाको विषयलाई नै लिएर अहिले आन्द्योलनको कुनै आवश्यकता नरहेको उनले बताए । पार्टीले सरकार तथा अन्य सरोकारवालासँग छलफल तथा परामर्श गरिरहेको छ । आवश्यकताअनुसार पार्टीले निर्णयहरु लिन सक्छ तर अहिले त्यसको आवश्यकता नपरेको सुमनले दाबी गरे ।

सुमनले त्यसो भने पनि जसपाले सरकारमाथि दबाव बढाउन गौर घटनालाई लिएर विभिन्न कार्यक्रमको आयोजना गर्दै आएको छ। जसपा मधेस प्रदेशका अध्यक्ष रामबाबु यादवले संगठनको काम भइरहेको तथा आवश्यकता परेमा पार्टी आन्दोलनमा पनि जान सक्ने बताउँछन् ।गौर घटनालाई लिएर मधेसी जनतामा एक खालको आक्रोश उत्पन्न भइसकेको छ । सरकारले समयमा बुद्धि पुर्‍याएन भने जुनसुकै बेला पनि माहोल भड्किन सक्छ भन्दै उनले तीन महिने अभियानले संगठन पनि बन्नुको साथै आन्दोलनको तयारी पनि रहेको स्वीकारे ।

१७ वर्षअघि गौरको राइस मिलमा तत्कालीन मधेसी जनअधिकार फोरम र माओवादीबीच कार्यक्रमको बहानामा झडप हुँदा २७ जना माओवादी नेता तथा कार्यकर्ताको ज्यान गएको थियो ।

त्यतिबेला नै जसपाका अध्यक्ष उपेन्द्र यादवलगायत अन्य नेता तथा कार्यकर्ताको विरुद्धमा किटानी जाहेरी परेको थियो । अहिले सरकारले गौर घटना पीडितसँग पाँचबुँदे सम्झौता गरी दोषीमाथि कारवाही गर्ने भनेको छ। त्यसको विरुद्धमा जसपाले भित्रभित्रै आन्दोलनको तयारी गरिरहेको हो ।

# एमाले मधेश प्रदेश अधिवेशनको तयारी तीव्र



**खबर दर्पण समाचारदाता**

**असोज ७ गते, जनकपुर**

एमालेको मधेश प्रदेशको अधिवेशनको तयारी तीव्र पारिएको छ ।

असोज २४ गतेदेखि जनकपुरमा हुने सो अधिवेशनका लागि विभिन्न समिति र उपसमितिहरू बनाएर तयारी तीव्र पारिएको एमाले मधेश प्रदेश कमिटीका अध्यक्ष राम अवतार यादवले जनाएका छन् ।

अधिवेशनका लागि १५० स्वयंसेवक र ५० जना पर्यवेक्षक खटाइने तयारी भइरहेको छ। प्रदेश अध्यक्ष यादवको संयोजकत्वमा प्रतिनिधि छनोट तथा व्यवस्थापन समिति गठन गरिएको छ भने प्रदेश उपाध्यक्ष रेवती पन्तको संयोजकत्वमा जनपरिचालन समिति गठन गरिएको बताइएको छ ।

कमल किशोर चौधरीको संयोजकत्वमा स्वयंसेवक परिचालन समिति, शिवशंकर साहको संयोजकत्वमा भोजन व्यवस्थापन समिति, मोहम्मद कायस्थको संयोजकत्वमा आवास व्यवस्थापन समिति गठन गरिएको अध्यक्ष यादवले बताए ।

जनकपुरधामको महेन्द्रनारायण निधि प्रतिष्ठानमा हुने अधिवेशनको उद्धाटन एमालेका अध्यक्ष केपी शर्मा ओलीले गर्ने तय भएको उनले बताए। उनले असोज २४ गतेदेखि २६ गतेसम्म हुने सो अधिवेशनका लागि प्रतिनिधिको पनि अन्तिम रूप दिने काम भइरहेको बताए। मधेश प्रदेशका आठ वटै जिल्लामा रहेको करिब ६० हजार सक्रिय सदस्य मध्येबाट एक हजार अधिवेशन प्रतिनिधि छनोट गरिने छ ।

असोज १३ गते मधेश प्रदेशको १३६ वटै पालिकामा मनोनयन दर्ताको कार्यक्रम राखिएको छ । अधिवेशनका लागि मूल नारा सहितको ब्यानर र लोगो असोज ११ गते सार्वजनिक गरिने उनले बताए । अधिवेशनबाट महिला, दलित, आदिवासी जनजाति, युवासहितका क्लस्टर र विभिन्न जनवर्गीय संगठनबाट प्रतिनिधित्व हुने गरी २३५ सदस्यीय प्रदेश कमिटी चयन गरिनेछ ।

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२०   प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५

**रूफटप होटल एण्ड गेष्ट हाउस**

मिटिङ्ग हल, पार्टी पैलेश

गौशाला नगरपालिका- २, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)



यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।

# राष्ट्रपति पौडेलको जनकपुरमा ...

कार्यक्रममा नागरिक अभिनन्दन पत्रका साथै राष्ट्रपतिलाई उपहार प्रदान गर्ने कार्यक्रम रहेको जनकपुरधाम उपमहानगरपालिकाका मेयर साहले बताए।

राष्ट्रपति पौडेल सबै कार्यक्रम पश्चात सोमवार नै ३ बजे काठमाण्डौं फर्किने प्रजिअ पाण्डेले जानकार दिए।

नागरिकता विधेयक प्रमाणीकरण भएपछि जानकी मन्दिर दर्शन गर्न आउने यसअघिको राष्ट्रपति पौडेलको कार्यक्रम स्थगित भएकाले सोही कार्यक्रमलाई निरन्तरता दिँदै भोलि राष्ट्रपति पौडेल जनकपुरधाम आउन लागेका हुन् ।

२०५७ सालमै शिलान्यास भए पनि विभिन्न कारणवश थलिएको उक्त सांस्कृतिक केन्द्र २३ वर्षपछि समुद्घाटन हुने भएपछि जनकपुरधामवासी हर्षित भएका छन् ।

विसं २०५७ मा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई सरकारको पालामा कांग्रेसका अगुवा नेता स्वर्गीय महेन्द्र नारायण निधिकी धर्मपत्नी प्रेमसागर देवीले उक्त सांस्कृतिक केन्द्रको शिलान्यास गर्नुभएको थियो । उक्त सांस्कृतिक केन्द्र चरणबद्ध योजनाअन्तर्गत रु १२ करोड २४ लाख ७९ हजारको लागतमा तयार भएको हो ।

**सार्वजनिक स्थलमा धुम्रपान नगरौं ।**

दुधमती मिडिया प्रा.ली. द्धारा संचालित

(अपन संस्कृति अपन पहिचान)

**दुधमती एफ.एम. १०४ मेगाहर्ज**

क्षीरेश्वरनाथ नपा ५, महेन्द्रनगर, धनुषा

दुधमती एफ.एम. १०४ मेगाहर्जबाट आफ्नो पसल, प्रतिष्ठान, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ०४१-५४००८९, ९८५४०२९७८२, ९८०४८३३५७८

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# उखु घारी र आँप बगैँचाबाट भारी मात्रामा चोरी तस्करीका काठ नियन्त्रण



**खबर दर्पण समाचारदाता**

**असोज ७ गते, बर्दिवास**

गौशाला नगरपालिका-८ स्थित ढल्केबर लिक टोल स्थित उखु घारी र आँप बगैँचाबाट वन कर्मचारीले भारी मात्रामा चोरी तस्करीका काठ नियन्त्रणमा लिएका छन । काठ बरामद भएका स्थान सागरनाथ वन विकास परियोजनाको जङ्गलनजिक पर्छ ।

सुराकीबाट प्राप्त सूचनाका आधारमा डिभिजन वन कार्यालयका अधिकृत कृष्णकान्त पटेल र माईस्थानस्थित सशस्त्र वन रक्षक जिल्ला कमान्डर अवतार लामाको कमान्डमा खटिएका १६ जना वन कर्मचारीको टोलीले शनिबार उक्त काठ बरामद गरेको हो । वन गस्तीले उखु घारीको बाहिरबाटै काठ चिरेको आवाज सुनेका थिए । आवाज आएतर्फ बढ्दै जाँदा उखु घारीको बिच भागमा रहेको आँप बगैँचामा हाते आराले काठ चिरान भएको दृश्य देखेपछि वनकर्मी नै चकित भएका थिए ।

त्यसअघि नै वन कर्मचारी आएको आभास पाएपछि काठ चिर्न छाडेर तस्कर उखु घारीभित्र बेपत्ता भएको गस्तीमा संलग्न कर्मचारीले जनाएका छन् ।

वन कर्मचारी हिँडेका कारण घारीभित्र उखुका बोट हल्लिएको र पात बजेको आवाज सुनेपछि उनीहरू भागेको वन गस्तीको अनुमान छ । सशस्त्र वन रक्षक कमान्डर लामाका अनुसार आँप बगैँचाबाट साखु जातको ५६ थान चिरान, काठ चिर्न प्रयोग गरिने एक थान हाते आरा र बन्चरो बरामद भएको छ । त्यस्तै उखु खेतमा सर्च गर्दा पनि साखु जातको नौ थान गोलिया फेला परेको थियो । चिरान र गोलियासमेत गरी ५० क्युफिट काठ बरामद भएको लामाले जनाउनुभयो ।

बरामद काठ टुटेश्वरस्थित सबडिभिजन वन कार्यालयको जिम्मा लगाइएको छ ।

उक्त काठ सागरनाथ वन विकास परियोजनाका जङ्गलबाट चोरी तस्करी गरी उखु घारीभित्र पुर्याइएको अनुमान गरिएको छ । काठ बरामद भएको उखु खेत र आँप बगैँचा कसको हो ? पत्ता लगाउने काम भइरहेको गस्ती कमान्डर एवं वन अधिकृत पटेलले बताउनुभयो ।

उहाँका अनुसार उखु घारीनजिक रहेका बस्तीका मान्छेले तत्काल भन्न आनाकानी गरेकाले सुराकी प्रयोग गरी यसबारे जानकारी लिने र त्यस अनुरूप कारबाही अगाडि बढाइनेछ ।

# मलङ्गवामा कर्फ्यु जारी, उल्लघंन गर्नेहरू नियन्त्रणमा

**खबर दर्पण समाचारदाता**

**असोज ७ गते, सर्लाही**

सर्लाही सदरमुकाम मलङ्गवामा बिहीबार राति १० बजेदेखि जारी कर्फ्यु आइतबारबाट थप कडाइका साथ लागू गरिएको छ ।

सर्लाही प्रहरीका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक दीपेन्द्र पञ्जियार थारुले कर्फ्यु उल्लङ्घन गरेर ढुङ्गामुढा र प्रदर्शनमा उत्रने व्यक्तिलाई पक्राउ गर्न सुरु गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार कर्फ्यु पालना गराउन तथा आम नागरिकको सुरक्षामा तैनाथ सुरक्षाकर्मीले मलङ्गवाका ठाउँ-ठाउँबाट कर्फ्यु उल्लङ्घन गर्नेलाई पक्राउ गरिरहेको छ ।

प्रदर्शन नरोकिएको र शान्ति भङ्ग हुनसक्ने भन्दै स्थानीय प्रशासनले कर्फ्यु आदेशलाई निरन्तरता दिएको जनाएको छ । मलङ्गवामा जिल्लासहित मातहतका विभिन्न युनिट, प्रदेश तथा विभिन्न गणबाट समेत नेपाल प्रहरी र सशस्त्र दुवैको थप मद्दत टोली परिचालन गरिएको छ ।

आइतबारबाट नेपाली सेनाले समेत गस्ती थालेको जनाएको छ । सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले सामाजिक सञ्जालमा आगजनी, तोडफोडजस्ता अफवाह फैलाइएकाले त्यसपछि नलाग्न अनुरोध गर्नुभएको छ ।



नागरिक समाज, सञ्चारकर्मी र अन्य अगुवा व्यक्तिले नै सामाजिक सञ्जालमा जथाभाबी लेख्दा बाहिर गलत हल्ला फैलिएको भन्दै सहायक प्रमुख जिल्ला अधिकारी घिमिरेले धार्मिक सद्भाव र शान्ति कायम गर्ने कार्यमा सकारात्मक सहयोग गरिदिन सबैसँग आग्रह गर्नुभएको छ ।

उहाँले स्थिति नियन्त्रणमै रहेको र कर्फ्यु हटाएर जनजीवन सामान्य बनाउन आइतबार पनि जिल्ला समन्वय समितिका प्रमुख, नगर प्रमुख, वडा अध्यक्ष लगायत सरोकारवालासँग छलफल गरिएको छ । चार दिनदेखिको कर्फ्युका कारण मलङ्गवासीको दैनिक कष्टकर बनेको स्थानीयको भनाइ छ ।

अत्यावश्यक काम परेका स्थानीय घरबाहिर निस्कन पाएका छैनन् भने मलङ्गवामा काम परेर जानुपर्नेहरु पनि समस्यामा परेका छन् ।

हाटबजार ठप्प हुँदा दैनिक उपभोग्य सामग्री किन्न समेत नपाएको स्थानीयको गुनासो छ । मलङ्गवाबाट छुट्ने तथा मलङ्गवा पुग्ने कुनै पनि सवारीसाधन सञ्चालन हुन सकेका छैनन् । शुक्रबारदेखि सदरमुकामका सरकारी तथा अन्य कार्यालय पनि खुल्न सकेका छैनन् । मलङ्गवाकै घटनासँग जोडेर जिल्लाका अन्य प्रमुख व्यापारिक केन्द्रमा समेत बेलाबेलामा प्रदर्शन भइरहेका छन् ।

# अख्तियारमा दर्ता भएको मुद्दा मध्ये अधिकांश स्थानिय निकायसँग सम्बन्धित

**खबर दर्पण समाचारदाता**

**असोज ७ गते, महोत्तरी**

अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय बर्दिबासमा दर्ता भएको मुद्दा मध्ये अधिकांश स्थानिय निकायसँग सम्बन्धित रहेको कार्यालय प्रमुख कृष्णवहादुर हुमागाईले बताएको छ ।

आईतबार महोत्तरीको मटिहानी नगरपालिकामा आयोजित भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सम्बन्धी कार्यक्रमकावीच प्रमुख हुमागाईले सो को जानकारी गराईएको हो । उनका अनुसार बर्दिबासस्थित अख्तियारको कार्यालयमा १४ सय ९३ वटा मुद्दा दर्ता भएको छ जसमध्ये १२ सय ८ वटा स्थानीय निकायको रहेको छ । कार्यक्रममा मटिहानी नगरपालिकाका प्रमुख हरि प्रसाद मण्डलले स्थानीय निकायमा भ्रष्टाचार बढ्नु हामी सबैको चिन्ताको विषय भएकोले भ्रष्टाचार नियन्त्रण कार्यलाई अझै बढी प्रभावकारी बनाउनु पर्नेमा जोड दिनुभयो ।




# बोल्न नसक्ने बालिकालाई बलात्कार गर्ने वृद्ध पक्राउ



**बारा -** बारामा बोल्न नसक्ने बालिकालाई जबरजस्ती करणी गरेको आरोपमा एक ६० वर्षीय वृद्ध पक्राउ परेका छन् । पक्राउ पर्नेमा निजगढ नगरपालिका १२ बस्ने राना साइँला भन्ने सोमबहादुर लुम्बा रहेका छन् । ११ वर्षीया ती बलिकालाई जबरजस्ती गरेको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरीले तत्कालै उनलाई उपचारका लागि कलैया प्रादेशिक अस्पताल पुर्याएको थियो । लुम्बालाई सोही रात पक्राउ गरी थप अनुसन्धान भइरहेका जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ ।


## आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

**हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौँ ।**

**लक्षणहरु**

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



**रोकथामका उपायहरु**

**भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौँ ।**

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

**भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।**

**औरही नगरपालिका**
**महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा